# लिखु गाउँपालिका यसम, ओखलढुंगा

प्रदेश नं.-१

## स्थानीय राजपत्र

## लिखु गाउँपालिकाद्वारा प्रकाशित


| खण्डः- १ | संख्याः- १४ | मितिः- २०७५ / ०३ /२९ |
|---|---|---|


## भाग-१

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि लिखु गाउँपालिकाको स्थानीय आर्थिक ऐन, २०७५ लिखु गाउँपालिकाले सर्वासाधारणका जानकारीका लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः** लिखु गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन र आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम लिखु गाउँ सभाले अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न यो ऐन बनाई लागु गरेको छ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७५"** रहेको छ।

(२) यो **ऐन २०७५ साल श्रावण १ गते मंगलबार** देखि **लिखु गाउँपालिका** क्षेत्रमा लागू हुनेछ।

१. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले लिखु गाउँपालिकाको आर्थिक ऐन, २०७५ सम्झनु पर्दछ।

(ख) “कार्यपालिका” भन्नाले लिखु गाउँकार्यपालिका सम्झनु पर्दछ।

(ग) “गाउँपालिका” भन्नाले लिखु गाउँपालिका सम्झनु पर्दछ।

(घ) “फर्म” भन्नाले प्रचलित कानून वमोजिम दर्ता भएका वा नभएका जुनसुकै फर्म सम्झनु पर्दछ।

(ङ) “व्यक्ति” भन्नाले यस ऐन वमोजिम कर तिर्नु पर्ने दायित्व भएका जुनसुकै व्यक्ति सम्झनु पर्दछ।

(च) “सभा” भन्नाले लिखु गाउँपालिकाको सभा सम्झनु पर्दछ।

(छ) “ संविधान” भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

**अनुसूचि-१**
**(दफा २ संग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२८ (२) बमोजिम**

## एकिकृत सम्पत्ति कर

एकिकृत सम्पति कर कार्यविधि वनाई लागु गरिने छ।

| क्र.स. | करका क्षेत्र (विवरण) | दर रु |
|---|---|---|
| १ | घरधुरी कर | |
| (क) | एक तले कच्ची प्रति घर | २००।- |
| (ख) | एक तले पक्की प्रति घर | ५००।- |
| (ग) | दुई तले कच्ची प्रति घर | २५०।- |
| (घ) | दुई तले पक्की प्रति घर | १०००।- |

| | | |
|---|---|---|
| (ङ) | तीन तले भन्दा माथी कच्ची प्रति घर | ३००।- |
| (च) | तीन तले भन्दा माथी पक्की प्रति घर | २०००।- |
| (छ) | अन्य- एकिकृत सम्पति कर | |

**अनुसूचि-२**
**(दफा ३ संग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२८ (२) बमोजिम**
**भूमि कर (मालपोत)**

| **बारी** | **दर** | **प्रति रोपनी** |
|---|---|---|
| अब्बल (१० रोपनी भन्दा कम ) | ३०.०० | - |
| अब्बल (१० रोपनी भन्दा बढी ) | प्रतिरोपनी थप | ३.०० |
| दोयम (१० रोपनी भन्दा कम ) | २५.०० | - |
| दोयम (१० रोपनी भन्दा बढी ) | प्रतिरोपनी थप | २.०० |
| सीम (१० रोपनी भन्दा कम ) | २०.०० | - |
| सीम (१० रोपनी भन्दा बढी ) | प्रतिरोपनी थप | १.५० |

| | | |
|---|---|---|
| चाहार (१० रोपनी भन्दा कम ) | १५.०० | - |
| चाहार (१० रोपनी भन्दा बढी ) | प्रतिरोपनी थप | १.०० |
| **खेत** | | |
| अब्बल (१० रोपनी भन्दा कम ) | ५०.०० | - |
| अब्बल (१० रोपनी भन्दा बढी ) | प्रतिरोपनी थप | ५.०० |
| दोयम (१० रोपनी भन्दा कम ) | ४०.०० | - |
| दोयम (१० रोपनी भन्दा बढी ) | प्रतिरोपनी थप | ४.०० |
| सीम (१० रोपनी भन्दा कम ) | ३०.०० | - |
| सीम (१० रोपनी भन्दा बढी ) | प्रतिरोपनी थप | २.५० |
| चाहार (१० रोपनी भन्दा कम ) | २०.०० | - |
| चाहार (१० रोपनी भन्दा बढी ) | प्रतिरोपनी थप | २.०० |

**अनुसूचि-३**
**(दफा ४ संग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२८ (२) बमोजिम**
**घर वहाल कर**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर वा पोखरी पुरै वा आंशिक रुपले वहालमा दिएकोमा गाउँपालिकालाई वहाल वा जग्गा कर 10% बुझाउनु पर्नेछ । कुनै पनि व्यक्तिगत घरधनीले कर भाडामा लगाउदा वडा कार्यालयको रोहवरमा सम्झौता गर्नु पर्ने छ र सो को जानकारी लिखित रुपमा लिखु गाउँपालिका कार्यालयलाई दिनु पर्ने छ।

अनुसूचि-४
(दफा ५ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## व्यवसाय कर

| व्यवसाय कर | | |
|---|---|---|
| मदिरा पसल | वितरक | ३०००.०० |
| | थोक | २०००.०० |
| | खुद्रा | ५००.०० |
| चुरोट बिडी सुर्ती जन्य | वितरक | २०००.०० |
| | थोक | १५००.०० |
| | खुद्रा | २००.०० |
| हल्का पेय पदार्थ | वितरक | १५००.०० |
| | थोक | १०००.०० |
| | खुद्रा | ५००.०० |
| सुनचाँदी पसल | थोक | १५००.०० |
| | खुद्रा पसल र मर्मत | १०००.०० |
| औषधी पसल | थोक | ३०००.०० |
| | खुद्रा डाक्टर भएको | २०००.०० |
| | खुद्रा डाक्टर नभएको | ५००.०० |
| माछामासु बिक्री पसल | | ५००.०० |
| आयुर्वेदिक औषधी पसल | | ५००.०० |
| एग्रोभेट पसल | थोक | १०००.०० |
| | खुद्रा | ५००.०० |

| | | |
|---|---|---|
| स्टेशनरी तथा पुस्तक पसल | थोक | १०००.०० |
| | खुद्रा | ५००.०० |
| छपाइ तथा प्रकाशन | अफसेट प्रेस | १०००.०० |
| | साधारण प्रेस | ५००.०० |
| कस्मेटिक पसल | | ५००.०० |
| मोटर पार्ट्स | थोक | १०००.०० |
| | खुद्रा | ५००.०० |
| प्लाइ तथा ग्लास | थोक | १०००.०० |
| | खुद्रा | ५००.०० |
| कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | १०००.०० |
| | खुद्रा | ५००.०० |
| धागो टाक पसल | थोक | ५००.०० |
| | खुद्रा | २००.०० |

| | | |
|---|---|---|
| इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | २०००.०० |
| | थोक | १०००.०० |
| | खुद्रा | ५००.०० |
| हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | ३०००.०० |
| | खुद्रा | २०००.०० |
| पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००.०० |
| | पेट्रोल बिक्री केन्द्र | ३०००.०० |
| | ग्यास सिलिन्डर सब डिलर | २०००.०० |
| | मट्टितेल मात्र बिक्री | ५००.०० |
| | खुद्रा | २००.०० |
| स्टिल आलमुनियम पसल | थोक | २०००.०० |
| | खुद्रा | १०००.०० |
| फर्निचर | थोक | १५००.०० |
| | खुद्रा | १०००.०० |
| ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | २०००.०० |
| कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १०००.०० |
| | हाते मेसिन | २००.०० |
| स्नुकर तथा पुल हाउस | | २०००.०० |
| क्यारेम बोर्ड | | २००.०० |
| पशु आहार बिक्री केन्द्र | | ५००.०० |
| किराना पसल | थोक | ५००.०० |
| | खुद्रा | २००.०० |
| फलफूल/तरकारी पसल | थोक | ५००.०० |
| | खुद्रा | २००.०० |
| उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | ५००.०० |
| | खुद्रा | २००.०० |
| भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | १०००.०० |
| | खुद्रा | ५००.०० |
| माटाको भाँडा पसल | थोक, खुद्रा | २००.०० |
| विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २०००.०० |
| | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | २०००.०० |
| | कानुन व्यावसायी ल फर्म | २०००.०० |
| | लेखापरीक्षण व्यावसायी | २०००.०० |
| | दन्तचिकित्सक | २०००.०० |
| | अनुसन्धानकर्ता परामर्शदाता | २०००.०० |
| | पशु चिकित्सक डाक्टर | २०००.०० |

| | | |
|---|---|---|
| | रोजगार सेवा | २०००.०० |

| | | |
|---|---|---|
| ढुवानी तथा ट्रान्सपोर्ट | | १०००.०० |
| पेन्टर/ साइनबोर्ड लेख्ने | | २००.०० |
| खोटो व्यवसायी | | १०००.०० |
| जग्गा व्यवसायी | | २०००.०० |
| निर्माण व्यवसायी | | ५०००.०० |
| यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ५००.०० |

| | | |
|---|---|---|
| **उत्पादन मूलक उद्योग** | | |
| ग्रील उद्योग | | २०००.०० |
| जुत्ता उद्योग | | १०००.०० |
| घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | २००.०० |
| कपडा तथा गार्मेन्ट उद्योग | | ५०००.०० |
| सिरक डसना उद्योग पसल | | १५००.०० |
| कुटानी पेलानी/ मिल | | १०००.०० |
| मसला मिल | | ५००.०० |
| नोट: यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पिसानी मिलकै व्यवसाय कर लाग्ने छ। | | ५००.०० |
| डेरी उद्योग/ व्यवसाय | | २००.०० |
| उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | ५००.०० |
| | दालमोट पाउरोटी चाउमीन | ५००.०० |
| | पापड चिप्स फिंगर | ५००.०० |
| वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | ५०००.०० |
| | काठ बिक्री डिपो | २०००.०० |
| क्रसर÷कन्क्रीट÷इटा भट्टा उद्योग | | ५०००.०० |
| ढाकाटोपी पस्मिना उद्योग | | ५००.०० |
| सुर्तिजन्य उद्योग | | ५०००.०० |
| होटल लज रेष्टुरेन्ट | होटल र लज | १०००.०० |
| | भोजनालय | ५००.०० |
| | मिठाई पसल | २००.०० |
| | पार्टी प्यालेस | २०००.०० |
| | रेष्टुरेन्ट-बार | २०००.०० |
| | चिया र खाजा पसल | २००.०० |

| | | |
|---|---|---|
| | खाना,खाजा-नास्ता पसल (मदिरासहित) | १०००.०० |
| टेन्ट हाउस | | २०००.०० |
| **सेवा उद्योग** | | |
| सञ्चार | एफ.एम. प्रसारण | २०००.०० |
| | केवुल च्यानल प्रसारण | २०००.०० |
| | पत्रपत्रिका प्रकाशन सेवा | १०००.०० |
| | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | ५०००.०० |
| | कुरियर सेवा | १०००.०० |
| | कलर ल्याब/ फोटोस्टुडियो | ५०००.०० |
| वित्तीय | वाणिज्य वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५०००.०० |
| | विकास वैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ५०००.०० |
| | फाइनान्स कम्पनी शाखा कार्यालय | ५०००.०० |
| | वित्तीय/ ऋण सहकारी संस्था | २०००.०० |
| | मनी ट्रान्सफर | १५००.०० |
| | विमा कम्पनी | २०००.०० |
| | लघु वित्त | २०००.०० |
| स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५००.०० |
| | क्लिनिक तथा ल्याब | १५००.०० |
| | चस्मा पसल | १०००.०० |
| शिक्षा सेवा निजी | क्याम्पस | २०००.०० |
| | मावि/ उच्चमावि | १५०००.०० |
| | मावि | १०००.०० |
| | आधारभूत | १०००.०० |
| | प्राथिमिक | १०००.०० |
| | छात्रावास | १०००.०० |
| | मन्टेश्वरी | १०००.०० |
| | पूर्व प्राथमिक | ८००.०० |
| | ट्युशन सेन्टर | १०००.०० |
| | कम्प्युटर / नृत्यकला सिकाइ केन्द्र | १०००.०० |
| | तालीम तथा अनुसन्धान केन्द्र | १०००.०० |
| मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | ५००.०० |

| | | |
|---|---|---|
| | इन्जिन मर्मत | १५००.०० |
| | डेन्टिङ्ग पेन्टिङ्ग | १०००.०० |
| | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १०००.०० |
| | मोटरसाइकल मर्मत | १०००.०० |
| | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २०००.०० |
| | अन्य विविध मर्मत | १०००.०० |
| ड्राइ क्लिनिक, ब्युटी पार्लर तथा सैलुन | | १०००.०० |
| फूल विरुवा पसल | | ५००.०० |
| गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००.०० |
| | अन्तराष्ट्रिय | ५०००.०० |

## अनुसूचि-५
(दफा ६ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम

| क्र.सं | विवरण | |
|---|---|---|
| १ | खोटो प्रति के.जि (प्रति लिटर मुल्य) | २% |
| २ | (प्रचलित कानुन बमोजिम निषेधित गरीएका जडिवुटि) | निर्णय पछि लागु गरीने छ। |
| ३ | टिमुर प्रति के.जि. | ५ % |
| ४ | तेजपात प्रति के.जि | ५ % |

| | | |
|---|---|---|
| ५ | चिउरी प्रति के.जि | ५ % |
| ६ | कुरीलो प्रति के.जि | ५ % |
| ७ | प्रचलित कानुनले निषेध नगरेको मृत जिवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तु | निर्णय पछि लागु गरीने छ। |
| ८ | अलैची (प्रति के.जी.) | ७ % |
| ९ | चिराईतो (प्रति के.जी.) | ७ % |
| १० | लौठ सल्लो (पात) प्रति के.जी. | ७ % |
| ११ | रुद्राक्ष | निर्णय पछि लागु गरीने छ। |
| १२ | पाखान बेद (प्रति के.जी.) | २% |
| १३ | ठूलो ओखती (प्रति के.जी.) | २% |
| १४ | पदम चाल (प्रति के.जी.) | २% |
| १५ | जटामसि (प्रति के.जी.) | २% |
| १६ | काउलो (प्रति के.जी.) | २% |
| १८ | लोक्ता (प्रति के.जी.) | २% |
| १९ | अल्लो (प्रति के.जी.) | २% |
| २० | अन्य | |

**जडिबुटी, कवाडी र जीवजन्तु कर**

अनुसूचि-६

(दफा ७ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**सवारी साधन कर**

| | | |
|---|---|---|
| सवारी साधन कर | बस ट्रक ट्र्याक्टर र हेभी गाडी | २०००.०० |
| | भाडाका कार जिप | १०००.०० |
| | निजी कार, जीप, मयुरी | ५००.०० |
| | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | २००.०० |

| | | |
|---|---|---|
| | ठेलागाडा तथा रिक्सामा | ५००.०० |
| पटके सवारी कर | ट्र्याकटर, माहालबहाक गाडी (प्रती पटक) | ५००.०० |
| | सुपर बस (प्रती पटक) | ५०.०० |
| | सुमो,बोलरो | २०.०० |
| | अन्य | ५०.०० |

अनुसूचि-७

(दफा ८ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

| | | |
|---|---|---|
| विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक | १०००.०० |

**विज्ञापन कर**

अनुसूचि-८

(दफा ९ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**मनोरञ्जन कर**

मनोरञ्जन कर ऐतिहासिक पुरातात्विक एवं धार्मिकस्थलहरुको व्यवस्थापन गरी स्थानीय वासिहरुको सहकार्यमा प्रवेश शुल्कको व्यवस्था गरी पर्यटकहरु वाट प्रवेश शुल्कको ५% रकम गाउँपालिका ले मनोरञ्जन कर वापत लिन सक्नेछ ।

– साँस्कृतिक प्रदर्शन हल, नाच घर , दोहोरी संगीत तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनीमा प्रवेश शुल्कमा ५ प्रतिशत मनोरञ्जन कर लाग्ने छ ।

– जादु, सर्कश, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर वापत अनुमतिका लागि गरिने सिफारिस दस्तुरका अतिरिक्त प्रत्येक दिन रु ३००।- लिईने छ ।

अनुसूचि-९

(दफा १० संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**बहाल बिटौरी शुल्क**

लिखु गाउँपालिका क्षेत्रभित्र लाग्ने दैनिक हाटवजार/साप्ताहिक हाटवजारमा प्रति दिन देहायका दरले कर लाग्नेछ ।

खण्डः- १ संख्याः- १४ मितिः- २०७५ / ०३ /२९

| क.सं | विषय | विवरण | पारीत |
|---|---|---|---|
| १ | माछा मासु विक्रि सम्वन्धि | खसि वोका काटी विक्रि गर्ने पसलमा प्रति गोटा | १० |
| | | सुंगुर वंगुर काटी विक्रि गर्ने पसलमा प्रति गोटा | १० |
| | | राँगा काटी विक्रि गर्ने | ५० |
| २ | कपडा तथा जुत्ता सम्वन्धि व्यवसाय | रेडिमेट सामान र थान कपडा विक्रि गर्ने पसल | १० |
| | | जुत्ता चप्पल विक्रि गर्ने पसल ठुलो | १० |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोची | ५ |
| ३ | तरकारी तथा फलफुल व्यवसाय | फलफुल नास्ता ठेलामा राखी विक्रि गर्ने | १० |
| | | सागसब्जी डोकामा ल्याई वेच्ने | ५ |
| | | भारमा सव्जी ल्यााई वेच्ने | ५ |
| | | सिजन अनुसार साग सव्जी आलु ल्याई वेच्ने ठुलो | १० |
| | | सिजन अनुसार साग सव्जी आलु ल्याई वेच्ने सानो | ५ |
| | | फलफुल साग सव्जी वयल गाडा | १० |
| | | फलफु साग सव्जी प्रति वोरा र अन्य सानो फलफुल पसल | ५ |
| ४ | खाद्यान्न सँग सम्वन्धित | चामल दाल अदुवा,लसुन खुर्सानी आदी विक्रि गर्ने पसल | १० |
| | | मकै पोली वेच्ने | ५ |
| | | किराना पसल | १० |
| | | माछा मासु तरकारी बिक्रि गर्ने | १० |
| ५ | परम्परागत शिप सँग सम्वन्धित | माटाका भाडा वेच्ने पसल ठुलो | १० |
| | | माटाका भाडा वेच्ने पसल सानो | ५ |
| | | कुचो कुनिया नाँलो वेच्ने | ५ |
| | | जडिवुटि विक्रि गर्ने | १० |

लिखु गाउँपालिका भित्र लाग्ने दैनिक हाटवजार, साप्ताहिक हाटवजारमा प्रति दिन देहायका दरले कर लाग्ने छ ।

| क.सं | विषय | विवरण | दर | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | पशुपंक्षि विक्रि सँग सम्वन्धित | जिउदो खसी, वोका, राँगा, संगुर वेच्नेलाई प्रतिगोटा | २० | एउटा मात्र हाँस परेवा कुखुरा वेच्ने लाई कर नलाग्ने |
| | | हाँस परेवा वेच्नेलाई | १० | |
| २ | अन्य व्यवसाय सँग सम्वन्धित कर | चुरा धागो टिका श्रृगारका सँग सम्वन्धित | ५ | |
| | | मुरली वासुरी गुलेली थैली जुम्रा उडुस मार्ने औषधि वेच्ने | ५ | |
| | | खेल तमासा देखाउनेलाई | १० | |
| | | प्रचार प्रसार गरी व्यवसाय गर्ने | २० | |
| | | वाँस प्रति वयल गाडा | १० | |
| | | वाँस प्रति ट्रक | १०० | |
| | | खटीयामा सामान राखी वेच्ने | ५ | |
| | | फलामको औजार तथा सामान वेच्ने | १० | |
| | | भाडाकुडा पसल | २० | |
| | | फोटो फ्रेमिङ्ग | १० | |
| | | मर्मत (कुकर लाईट,छाता आदी) | १० | |

माथि उल्लेख नभएको व्यवसायको हकमा गाउँपालिकाले निर्णय गरी रु १० देखि ५०० सम्म लिन सक्नेछ ।

## अनुसूचि-१०
(दफा ११ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**पार्किङ शुल्क**

| | | |
|---|---|---|
| पार्किङ् शुल्क: प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | 50.00 |

| | | |
|---|---|---|
| | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रतिघण्टा | 10.00 |

सवारी पार्किङ्ग स्थान गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

अनुसूचि-११
(दफा १२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**ट्रेकिङ्ग, कायाकिङ्, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क**

लिखु गाउँपालिकाले यस गाउँपालिका भित्र र ट्रेकिङ्ग प्रतिपटक रु १० का दरले कर लगाउने ।

अनुसूचि-१२
(दफा १३ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**सेवा शुल्क, दस्तुर**

| | **सिफारीस र प्रमाणित** | | |
|---|---|---|---|
| | **विवरण** | **विस्तृत विवरण** | **दर** |
| १ | घरजग्गा नामसारी सिफारीस | ० देखि ९-१५-३-३ रोपनी सम्म | १५०.०० |
| | | १० देखि १९-१५-३-३ रोपनीसम्म | २००.०० |
| | | २० देखि ५० रोपनीसम्म | ३००.०० |
| | | ५० रोपनीभन्दा माथि | ५००.०० |
| २ | मोही लगत कट्टा सिफारीस | १ रोपनी सम्मको | १००.०० |
| | | १ रोपनी भन्दा माथिको | २००.०० |
| ३ | घर कायम सिफारीस | पक्की घर (प्रति वर्ग फिट) | ३.०० |
| | | कच्ची घर (प्रति वर्ग फिट) | १.०० |

| | | | |
|---|---|---|---|
| ४ | सरजमिन सिफारीस दस्तुर | | १००.०० |
| ५ | छात्रवृति सिफारीस | | १००.०० |
| ६ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क |
| ७ | अपाङ्गता भएको सिफारीस | | निशुल्क |
| ८ | अस्थाइ बसोबास सिफारीस | | १००.०० |
| ९ | स्थायी बसोबास सिफारीस | | १००.०० |
| १० | नागरिकता सिफारीस | वंशज | १००.०० |
| | | अंगिकृत | २०००.०० |
| ११ | विद्युत जडान सिफारीस | | १००.०० |
| १२ | धारा जडान सिफारीस | | १००.०० |
| १३ | जीवित रहेको सिफारीस | | १००.०० |
| १४ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | १००.०० |
| १५ | व्यवसाय बन्द सिफारीस | | १००.०० |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | १००.०० |
| १७ | व्यापार व्यवसाय नभएको सिफारीस | | १००.०० |
| १८ | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क |
| १९ | नाबालक परिचयपत्र सिफारीस | | ५०.०० |
| २० | चौपाया सम्बन्धी सिफारीस प्रतोगोटा | | २०.०० |
| २१ | व्यवसाय दर्ता सिफारीस | | ५००.०० |
| २२ | उद्योग ठाउँसारी सिफारीस | | १०००.०० |
| २३ | विद्यालय ठाउँसारी सिफारीस | | ५००.०० |
| २४ | आन्तरिक बसाइसराइ सिफारीस | | १००.०० |
| २५ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | १०००.०० |
| २६ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | १००.०० |
| २७ | जग्गा दर्ता सिफारीस (शुकुम्बासि सिफारिस निशुल्क) | | २००.०० |
| २८ | संरक्षक सिफारीस व्यक्तिगत | | १००.०० |
| २९ | संरक्षक सिफारीस संस्थागत | | ५००.०० |
| ३० | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | | २००.०० |
| ३१ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | १००.०० |
| ३२ | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | निशुल्क |
| | | सशुल्क उपचारको लागि | १००.०० |
| ३३ | संस्था दर्ता सिफारीस | व्यक्तिगत | २००.०० |
| | | संस्थागत | ५००.०० |

| | | | |
|---|---|---|---|
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | १००.०० |
| ३५ | जीवित सँगको नाता प्रमाणित | | १००.०० |
| ३६ | मृतकसँगको नाता प्रमाणित | | १००.०० |
| ३७ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | १०००.०० |
| ३८ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निशुल्क |
| ३९ | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | न्युनतम २०० भन्दा बढिमा ०.०५% |
| ४० | चारकिल्ला प्रमाणित | | १००.०० |
| ४१ | जन्ममिति प्रमाणित | | १००.०० |
| ४१ | घर बाटो प्रमाणित | बाटो भएको | ५००.०० |
| | | बाटो नभएको | १००.०० |
| ४२ | विवाह प्रमाणित | | १००.०० |
| ४३ | घर पाताल प्रमाणित | | १००.०० |
| ४४ | कागज/ मञ्जुरिनामा प्रमाणित | | १००.०० |
| ४५ | हकवाला वा हकदार प्रमाणित | | २००.०० |
| ४६ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | १०००.०० |
| | | कच्ची | १००.०० |
| ४७ | अविवाहित प्रमाणित | | १००.०० |
| ४८ | अपुताली सिफारिस | | ५००.०० |
| ४९ | अन्य सिफारीस वा प्रमाणित | | १००.०० |
| ५० | घर नक्सापास दस्तुर | पक्की घर (प्रति स्वक्यार फिट रु ३ का दरले) | १०००.०० |
| | | कच्ची घर | ५००.०० |
| ५१ | नक्सा पास निवेदन फाराम दस्तुर | | ५०.०० |
| ५२ | सरसफाइ शुल्क | मासिक | ५०.०० |
| | | सरसफाइ कार्डको | १००.०० |
| | नोट: सरसफाइ सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ। | | |
| ५३ | घर खाली गराउँदा प्रतिदिन | | ५००.०० |
| माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुन: लाग्नेछ। र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. ५०० लाग्नेछ। माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपैया दस्तुर लाग्नेछ। | | | |
| | **दर्ता शुल्क** | | |
| ५४ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००.०० |
| ५५ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००.०० |
| ५६ | बसाइसराइ जाने आउने दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००.०० |

| | | | |
|---|---|---|---|
| ५७ | सम्बन्धविच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००.०० |
| ५८ | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००.०० |
| ५९<br>६० | नयाँ व्यवसाय दर्ता | १ लाख सम्मको | १०००.०० |
| | | १ लाख देखि ३ लाख सम्म | ३०००.०० |
| | | ३ लाख देखि ५ लाख सम्मको | ६०००.०० |
| | | ५ लाखदेखि २० लाख सम्म | १२०००.०० |
| | | २० भन्दा माथी १ करोड सम्म | २००००.०० |
| | | १ करोड देखि ५ करोड सम्म | ३००००.०० |
| | | ५ करोड माथि | ५००००.०० |
| ६१ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | वडामा | १००.०० |
| | | पालिकामा | २००.०० |
| ६२ | व्यवसाय नविकरण | १ लाख सम्मको | ६००.०० |
| | | १ लाख देखि ३ लाख सम्म | १०००.०० |
| | | ३ लाख देखि ५ लाख सम्मको | १६००.०० |
| | | ५ लाखदेखि २० लाख सम्म | ३०००.०० |
| | | २० भन्दा माथी १ करोड सम्म | ५०००.०० |
| | | १ करोड देखि ५ करोड सम्म | ८०००.०० |
| | | ५ करोड माथि | १५०००.०० |

अनुसूचि-१३

(दफा १४ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**पर्यटन शुल्क**

लिखु गाउँपालिकामा आउने स्वदेशी पर्यटकलाई निशुल्क र विदेशी पर्यटकलाई रु ५०० प्रवेश शुल्क लगाउने ।

आज्ञाले,

नामः समिर भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७५/०२/२९